# जलजला गाउँपालिका

# आर्थिक ऐन,२०७६

# स्थानीय तहको आर्थिक ऐन, २०७६

## जलजला गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना:** जलजला गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान बमोजिम जलजला गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ देखि जलजला गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

**२. सम्पत्ती तथा भुमि कर:** (१) जलजला गाउँपालिकाको क्षेत्र भित्र अनुसूची १ वमोजिम सम्पत्ति तथा भुमि कर लगाईनेछ ।

(२) गाउँपालिका क्षेत्रभित्रका मुख्य व्यापारिक क्षेत्र र आवसीय क्षेत्र छुट्याई अनुसूची १ (क) बमोजिमको मुल्यांकनको आधारमा कर लगाइ असुल गरिनेछ ।

(३) गाउँपालिका क्षेत्रभित्रको १ देखि ९ वटा वडाको खेत तर्फ र पाखोतर्फको जग्गाको मूल्याङ्कन गरी अनुसूची १ (ख) बमोजिम कर लगाईने र असुल गरिनेछ ।

(४) दफा २ बमोजिमको सम्पत्ति तथा भुमि कर तोकिएको समयमा नबुझाउने करदाता लाई अनुसुची १ (ग) बमोजिमको दण्ड जरिवाना असुलउपर गरिनेछ ।

**३ घर बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा बहाल कर लगाइने तथा घर नक्सा पास दस्तुर असूल गरिनेछ ।

(२) गाउँपालिकाको क्षेत्रभित्र निर्माण भएका भौतिक संरचना लाई ३ प्रकारमा विभाजन गरी अनुसुची २ (क) बमोजिम कर लागाईने छ ।

(३) उपदफा २ बमोजिम निर्माण भएको भौतिक संरचनाको अवधिका आधारमा अनुसूची २ (ख) बमाजिम ह्रास कट्टी गरिनेछ ।

**४. व्यवसाय कर :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूजींगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल तथा पुन प्रयोगीय र प्रचलित कानुनले निषेध गरिएको जडिबुटी तथा जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ,प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. स्थानीय **सडक पुर्वाधार उपयोग शुल्क** : गाउँपालिका क्षेत्रभित्र चल्ने स्थानीय सडकमा मा अनुसूचि (५) बमोजिम स्थानीय सडक पुर्वाधार उपयोग शुल्क लगाइनेछ ।

७. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **मनोरञ्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट वजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. **पार्किङ शुल्क :** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **ट्रेकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग,जिपफ्लायर शुल्क** :ट्रेकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२ . **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट नियमानुसारको दरमा पर्यटन शुल्क लगाईने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४.**कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई गाँउसभाको निर्णय विना कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची- १

**(दफा २ को उपदफा १ सँग सम्बन्धित)**

## सम्पत्ति तथा भुमि करको दर

| देखि | सम्म | वार्षिक |
|---|---|---|
| रु. एकदेखि | एकलाख रुपैंयाँसम्म | एकमुष्ठ रू.५० |
| रु.एकलाख एक देखि | दुईलाख रुपैयाँसम्म | एकमुष्ठ रू.१०० |
| रु. दुईलाख एक देखि | पाँचलाख सम्म | एकमुष्ठ रू. २०० |
| रु पाँच लाख एक | रु दश लाख रुपैया सम्म | प्रति लाख रू ४५ |
| रु दश लाख एक | बीस लाख रुपैयाँसम्म | प्रति लाख रू ४४ |
| रु बीस लाख एक | तीस लाख रुपैयाँसम्म | प्रति लाख रू ४३ |
| रु तीस लाख एक | चालिस लाख रुपैयाँसम्म | प्रति लाख रू ४२ |
| रु चालीस लाख एक | पचास लाख रुपैयाँसम्म | प्रति लाख रू ४१ |
| रु पचास लाख एक देखि माथि | जतिसुकै भए पनि | प्रति लाख रू ४० |

नोट : मुल्यांकन रकमलाई रु लाखमा (round figure)मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

## अनुसूची १ (क)

(दफा २ को
उपदफा २ संग सम्बन्धित)

## जग्गाको न्यूनतम मूल्यांकन हद

## जलजला गाउँपालिका भित्रका विभिन्न वडाको जग्गाको वर्गीकरण तथा मुल्यांकन २०७५।०७६

| सि. नं. | वार्डको नाम | वार्ड नं. | जग्गाको वर्गीकरण | सडक र क्षेत्र | जग्गाको मुल्य प्रतिरोपनी | कै. |
|---|---|---|---|---|---|---|
| १ | माझफाँट | २ | व्यापारिक | वेनी बाँसखर्क सडक खण्डको दायाँ वायाँको बगरफाँट क्षेत्र | ४,५००,००० | |
| | माझफाँट | ३ | | वारीवेनी पिपलबोटदेखि कालीपूल सम्मको व्यापारीक क्षेत्र | ८,०००,००० | |
| | | | | बेनी बाँसखर्क सडक खण्डको दायाँ वायाँको वगरफाँट क्षेत्र | ४,५००,००० | |
| | माझफाँट | ४ | | लुडदीखोलादेखि एता फुर्सेखोलासम्म बेनी मालढुडा सडकको दायाँ बायाँ मोहनचोक क्षेत्र | ५,०००,००० | |
| | | | | बेनी मालढुडा सडक खण्डको लामाखेत क्षेत्र | ४,५००,००० | |
| | धाईरिङ्ग | ७ | | वेनी मालढुडगा सडक खण्डको मिलनचोक क्षेत्र | ५,०००,००० | |
| | नाग्लीवा | ८ | | वेनी मालढुडगा सडक खण्डको लस्ति बजार र फर्से क्षेत्र | ३०,००,००० | |
| | | | | वेनी मालढुडगा सडक खण्डको खनियाघाट क्षेत्र | २०,०००,०० | |
| २ | | | | | | |
| | वासखर्क | १ | आवासीय | वारीवेनीदेखि बाँसखर्क सडकको दायाँ वायाँका खडेरी योग्य जग्गाहरु | ५,००,००० | |
| | | | | वडा नं. १ का माथि उल्लिखित सडक बाहेकका अन्य कच्चि सडकको दाँया वायाँका जग्गाहरु | ३,५०,००० | |
| | माझफाँट | २ | | बगरफाँटदेखि विमिरावोट साम्मारे स्यालदुला भिमपाइला ओखरबोट धर्मशाला माझगाउँ सडक खण्डको दायाँ वायाँको घडेरीयोग्य जग्गाहरु | ८,००,००० | |
| | | | | वडा नं. २ अन्तर्गत पर्ने माथि उल्लिखित बाहेकका अन्य कच्चि सडकको दायाँ वायाँका घडेरी योग्य जग्गाहरु | ६,००,००० | |
| | माझफाँट | ३ | | वारीबेनी मल्लाज चोक देखि आँगाटारी खानेपानी सम्मको सडक खण्डको दायावायाँको जग्गा | ३०,००,००० | |
| | | | | आँगाटारी खानेपानी  देखि कोटघर हुँदै लेकफाँट सडक खण्डको वारीवेनी देखि कोटघरसम्मको दाँया वायाँको जग्गा | १०००,००० | |
| | | | | वडा नं. ३ अन्तर्गत माथि उल्लिखित बाहेकका अन्य कच्चि सढकको दायाँ वाँयाका घडेरीयोग्य जग्गाहरु | ६००,००० | |
| | माझफाँट | ४ | | वेनी मालढुडा सडक खण्डको आँगाखोलादेखि मोहनचोक सडक खण्डको दायाँ वाँयाको ब्यवपारीक र आवसीय क्षेत्र बाहेको अन्य घडेरी योग्य जग्गा | २०,००,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मोहनचोक देखि कोटघर सडक खण्डको घट्टेकुनादेखि फड्के ढुडा आँगाखोला सम्मको सडकको दायँ वायाँको जग्गा | १,५००,००० | |
| | | | वडा नं. ४ अन्तर्गतका माथि उल्लिखित बाहेकका अन्य कच्चि सडकको दाँया वायाँका घडेरी योग्य जग्गा | ६,००,००० | |
| **लेखफाँट** | ५ | | वारीवेनीदेखि काटेघर हुँदै लेकफाँट सडक खण्डकको लेखफाँट दायाँ वायाँ क्षेत्र | ६००,००० | |
| | | | वडा नं. ५ का माथि उल्लिखित सडक बाहेकका अन्य कच्चि सडकका दायाँ वायाँका सडकहरु | ४००,००० | |
| **शालिजा** | ६ | | मिलनचोकदेखि खोलाखेत भोटेडाडा हुँदै शालिजा सडक खण्डको शालिजा क्षेत्रको दायाँ वायाँका जग्गाहरु | ५००,००० | |
| | | | वडा नं. ६ को माथि उल्लिखित सडक बाहेकका अन्य कच्चि सडकको दायाँ वायाँका जग्गाहरु | ४००००० | |
| **धाईरिङ्ग** | ७ | **आवासीय** | वेनी मालढुडगा सडक खण्डको मिलनचोक ब्यपारीक क्षेत्र वाहेकका सडकको दायाँ वायाँका घडेरी योग्य जग्गाहरु | २,०००,००० | |
| | | | मिलनचोक देखि सल्यान कच्चि सडकको दायाँ वायाँका घडेरी योग्य जग्गाहरु | ८००,००० | |
| | | | लस्ती वास्कोट  जोड्ने कच्चि सडकको दायाँ वायाँका जग्गाहरु | ६००,००० | |
| | | | वडा नं. ७ को माथि उल्लिखित सडक बाहेकका अन्य कच्चि सडकको दायाँ वायाँका जग्गाहरु | ४००००० | |
| **नाग्लीवाङ्ग** | ८ | | खनियाघाट लुप्राड सडकको दायाँ वायाँका जग्गाहरु | ८,००,००० | |
| | | | वडा नं. ८ का माथि उल्लिखित बाहेकका अन्य कच्चि सडकको दायाँ वायाँका जग्गाहरु | ५००,००० | |
| **बनौ** | ९ | | अर्मादी देखि पाड हुँदै बनौं डाडाँखोर सडक खण्डको बनौं क्षेत्रको कच्चि सडकको दायाँ वायाँ जग्गा | ५००,००० | |
| | | | वडा नं. ९ अन्तर्गत माथि उल्लिखित सडक बाहेक अन्य कच्चि सडकको दायाँ वायाँका जग्गाहरु | ४००,००० | |

- माथि आवसिय क्षेत्र सम्बन्धमा जुनसुकै कुरा लेखिएता पनि सडकका  दायाँ वायाँका घडेरी गोग्य जग्गा नभई पाखो काल्ला मात्र रहेको अवस्थामा र एकै कित्ताको थोरै भाग मात्र सडकसँग जोडिएको र आधिकांश जमिन वारी पाखो रहेको अवस्थामा जम्मा क्षेत्रफलको ३० प्रतिशत आवासीय क्षेत्र कायम गरी बाँकी जग्गा जग्गाधनी प्रमाणपुर्जामा लेखिएवमोजिमको मुल्यांकनको आधारमा राजश्व संकलन गर्ने ।
- सार्वजनिक संघ संस्था, मन्दीर समितिको नामको गुठी जग्गामा सम्पती कर वुझाउनु नपर्ने ।
- व्यक्तिले भोगचलन गरेको र त्यसको पुर्ण स्वामितव्मा हुने गुठी जग्गाको सम्पती कर सम्वन्धीत स्वामित्व कर्ताले वुझाउनुपर्नेछ ।

# अनुसूची १ (ख)

(दफा २ को उपदफा ३ संग सम्बन्धित)

## माथी उल्लिखित वाहेक जलजला गाउँपालिका भित्रका विभिन्न वडाको जग्गाको वर्गीकरण तथा मुल्यांकन आ.व. २०७६।०७७

| सि. नं. | वार्डको नाम | वार्ड नं. | जग्गाको वर्गीकरण | | | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खेततर्फ | | | | बारी तर्फ | | | | |
| | | | अब्बल | दोयम | सीम | चाहार | अब्बल | दोयम | सीम | चाहार | |
| १ | वासखर्क | १ | १५०,००० | १३०,००० | ११०,००० | ८०००० | १४००,०० | १२०,००० | ९०,००० | ५०० ०० | |
| २ | माझफाँट | २ | २७०,००० | २५०,००० | २४०,००० | २२०,००० | ५८,००० | ४८,००० | ४०००० | ३५० ०० | |
| ३ | माझफाँट | ३ | २७०,००० | २५०,००० | २४०,००० | २२०,००० | ५८,००० | ४८,००० | ४०००० | ३५० ०० | |
| ४ | माझफाँट | ४ | २७०,००० | २५०,००० | २४०,००० | २२०,००० | ५८,००० | ४८,००० | ४०००० | ३५० ०० | |
| ५ | लेखफाँट | ५ | ७०,००० | ६०,००० | ५०,००० | ४०,००० | ३२,००० | २८,००० | २५००० | २०० ०० | |
| ६ | शालिजा | ६ | ७०,००० | ६०,००० | ५०,००० | ४०,००० | ३२,००० | २८,००० | २५००० | २०० ०० | |
| ७ | धाईरिङ्ग | ७ | २००,००० | १५०,००० | १००००० | ८०,००० | ४०,००० | ३२००० | २५००० | २२० ०० | |
| ८ | नाग्लीवाङ्ग | ८ | २००,००० | १५०,००० | १००००० | ८०,००० | ४०,००० | ३२००० | २५००० | २२० ०० | |
| ९ | बनौ | ९ | ७०,००० | ६०,००० | ५०,००० | ४०,००० | ३२,००० | २८,००० | २५००० | २०० ०० | |

# अनुसूची १ (ग)

(दफा २ को उपदफा ४ संग सम्बन्धित)

## म्याद भित्र विवरण दाखिला नभएमा लिइने थप शुल्कको दर

| म्याद नाघेको प्रति बर्षको थप शुल्क |
|---|
| एक आर्थिक बर्ष म्याद नाघेमा बुझाउनुपर्ने बक्यौदा रकमको १५ प्रतिसत २ आर्थिक बर्ष म्याद नाघेमा २५ प्रतिसत, तीन आर्थिक बर्ष म्याद नाघेमा ४० प्रतिसत र सो भन्दा वढी आर्थिक बर्ष म्याद नाघेमा ५० प्रतिसतका दरले थप शुल्क असुल गरी विजक जारी गर्ने |

**अनुसूचि २ (क)**
**(दफा ३ को उपदफा २ सँग सम्बन्धित)**
**संरचनाको मूल्यांकन दर**

| सि.नं | घरको विवरण | संरचनाको किसिम | दर रु. (प्रति स्क्वाएर फिट) | कैफियत |
|---|---|---|---|---|
| १ | सिमेण्ट जोडाईमाइट्टावा ढुङ्गा/व्लकको गारो - आर.सि.सि. छाना | पक्की | ११०० | |
| २ | माटोको जोडाईमाइट्टा वा ढुङ्गाको गारो वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/ढुङ्गा वा टायलको छाना | पक्की | ७०० | |
| ३ | ब्लक, ईट्टा, ढुङ्गा वा काठमा माटोको जडान र छाना खरको | कच्ची | ४०० | |

**(क) घर बहाल कर :**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकमको १० प्रतिशत घर बहाल रकम तिर्नुपर्नेछ ।

**(ख) घर नक्सा पास दस्तुरः**

| क्र.सं. | बिवरण | दर रु |
|---|---|---|
| १ | नक्सा पास निवेदन फारम दस्तुर | १०० |
| २ | पक्की घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | |
| | क. जमिन तला प्रति वर्गफिट दस्तुर | ८ |
| | ख. पहिलो तला प्रति वर्गफिट दस्तुर | ७ |
| | ग. दोस्रो तला वा सो भन्दा माथि प्रति वर्गफिट दस्तुर | ६ |
| ३ | कच्ची घर र पर्खाल समेत प्रति वर्गफिट दस्तुर | २ |
| ७ | नक्सा नामसारी तथा नवीकरण वापत | ३००० |

# अनुसूचि ३
## (दफा ४ सँग सम्वन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यवसाय करको दर

### क) व्यवसाय कर

| क्र.सं. | शीर्षक | रकम रु (वार्षिक) | कैफियत |
|---|---|---|---|
| १ | होटल, लज, रेष्टुरेन्ट,बार, क्याफे, मिष्ठान्न भण्डार | | |
| | क. मदिरा समेत विक्री गर्ने होटल लज समेत | २५०० | |
| | ख. होटल लज समेत | २००० | |
| | ग. मदिरा समेट विक्री गर्ने होटल | १५०० | |
| | घ. होटल मात्र | १२०० | |
| | ङ. चिया पसल | ८०० | |
| २ | टेन्ट हाउस/ क्याटरिङ | २५०० | |
| ३ | सुन चाँदी पसल | ३००० | |
| ४ | टेलरिङ व्यवसाय | | |
| | क. कपडा पसल सहितको टेलरिङ व्यवसाय | २००० | |
| | ख. टेलरिङ | १००० | |
| ५ | सैलुन व्यवसाय | ५०० | |
| ६ | व्युटी पार्लर | १००० | |
| ७ | कम्प्युटर, फोटोकपि मेशिन र प्रिन्टर समेत | २००० | |
| | कम्प्युटर तालिम दिने संस्था | १५०० | |
| ८ | इलेक्टोनिकस पसल( टि.भि, फ्रिज विक्रि ) | २००० | |
| | टिभि. फ्रिज मर्मत पसल | १५०० | |
| ९ | मोवाईल, टेलिफोन विक्री तथा मर्मत | १५०० | |
| | रेडियो, घडी मर्मत तथा विक्री | १००० | |
| १० | जुत्ता तथा चप्पल विक्री | १००० | |
| ११ | क.पाँचवटा भन्दा बढी सामानको डिलर | १०००० | |
| | ख. ३ भन्दा बढी ५ वटा सम्म सामानको डिलर | ७००० | |
| | ग. १ वटा भन्दा बढी ३ वटा सम्म सामानको डिलर | ५००० | |
| | घ. १ बटा मात्र सामानको डिलर | २५०० | |
| १२ | औषधी पसल, एलोपेथिक, होमोपेथिक, आयुर्वेद र चस्मा पसल | | |
| | अस्पताल तथा नर्सीङ होम( प्रति शैया ) | ४००० | |
| | डायगोनोस्टीक सेन्टर( प्रति सेवा ) | १०००० | |
| | पोलिकिन्नीक तथा नर्सीङ होम ( प्रति सेवा ) | १०००० | |
| | अन्य वैकल्पीक चिकित्सा( प्रति शैया ) | ५००० | |
| | फार्मेसी ( औषधी पसल ) | २५०० | |
| १३ | | | |
| १४ | क्लिनिक तथा ल्याब | ३००० | |
| १५ | क.डेन्टल अस्पताल | ५००० | |
| | ख. डेन्टल क्लिनिक | २५०० | |
| १६ | पान पसल | ५०० | |
| १७ | लत्ता कपडा धुलाई तथा सरसफाई | १००० | |
| १८ | आर्ट व्यवसाय | १५०० | |
| १९ | ईलेक्ट्रिक सामानहरुको विक्री | २५०० | |
| २० | फोटो स्टुडियो | १५०० | |
| २१ | धागो टाँक, पस्नर विक्री | १००० | |
| २२ | भाँडा पसल | २५०० | |
| २३ | गिफ्ट तथा कस्मेटिक पसल | १५०० | |
| २४ | प्लाई, सिसा, कार्पेट फ्रेम आदि विक्री | २५०० | |
| २५ | पेट्रोल पम्प | १०००० | |
| २६ | ग्याँस सिलिन्डर बिक्रेता | ३५०० | |
| २७ | साईकल तथा रिक्सा मर्मत | ७०० | |
| २८ | अटोमेकानिक्स तथा इन्जिनियरिङ्ग मोटर पार्टस | ७५०० | |
| २९ | लेथ्स सेक्सन तर्फ | | |
| | क. मोटर बडी विल्डर्स | ३००० | |
| | ख. टायर मर्मत तथा हावा हाल्ने र सिट मर्मत | १००० | |

| | | | |
|---|---|---|---|
| | ग. मोटर साईकल शो रुम | ५००० | |
| ३० | पशु, आहार विक्रि डिपो/सप्लायर्स | ५००० | |
| ३१ | लेखा परीक्षण व्यवसाय | | |
| | क. क र ख श्रेणीलाई | २००० | |
| | ख. ग र घ श्रेणीलाई | १५०० | |
| ३२ | बैंक , फाइनान्स वित्तिय संस्थाहरु तथा सहकारी बैक नाफामुलक | | |
| | क. क बर्गको बैक वा वित्तिय संस्था | १५००० | |
| | ख. ख बर्गको बैक वा वित्तिय संस्था | १२००० | |
| | ग. ग बर्गको बैक वा वित्तिय संस्था | १०००० | |
| | घ. घ बर्गको बैक वा वित्तिय संस्था | ८००० | |
| ३३ | पाउरोटी, बरफ विस्कुट तथा दालमोट व्यवसाय | २५०० | |
| ३४ | निजी शिक्षालय सञ्चालन तर्फ अनुमति सिफारिस | | |
| | क. क्याम्पस, उच्च मा.वि. | २५००० | |
| | ख. मा.वि | १५००० | |
| | ग. आ.वि | १०००० | |
| | | | |
| ३५ | ब्लक , रिङ, टायर र तारबार उत्पादन व्यवसाय | ५००० | |
| ३६ | मैन बत्ती तथा अगरबत्ती व्यवसाय | १००० | |
| ३७ | मसला व्यवसाय | १००० | |
| ३८ | परामर्श सेवा तर्फ | | |
| | क. इन्जिनियरिङ्ग | ५००० | |
| | ख. शैक्षिक | ३००० | |
| | ग. अन्य परामर्श सेवा | १५०० | |
| ३९ | किराना पसल | | |
| | क. मदिरा समेत विक्री गर्ने थोक विक्रेता | ५००० | |
| | ख. मदिरा बाहेक अन्य वस्तु विक्री गर्ने थोक विक्रेता | ३००० | |
| | ग. मदिरा समेत विक्री गर्ने खुद्रा विक्रेता | २५०० | |
| | घ. खुद्रा विक्रेता | १५०० | |
| ४० | मादल मर्मत तथा विक्री | ६०० | |
| ४१ | सिरक डसना विक्री | २००० | |
| ४२ | झोला तयारी गर्ने व्यवसाय | १५०० | |
| ४३ | डेरी व्यवसाय | १५०० | |
| ४४ | फर्निचर व्यवसाय, फर्निचर शो रुम तथा समिल | ५००० | |
| | क. फर्निचर व्यवसाय | ४००० | |
| | ख. फर्निचर शो रुम | ३००० | |
| | ग. अन्य साना काष्ठ व्यवसायी | २००० | |
| ४५ | ग्रील सटर व्यवसाय | | |
| | ग्रील व्यवसाय | ३००० | |
| ४६ | मिल, कुटानी, पिसानी, पेलानी, सेलर, होल्लर, तेल, चिउरा आदि | ३००० | |
| | क. होल्लर र सेल्लर मिलबाट कुटानी पिसानी | २००० | |
| | ख. सानो कुटानी पिसानी मिल | १००० | |
| ४७ | कुखारा पालन तर्फ | | |
| | क. १००० चल्ला सम्म | १००० | |
| | ख. १००० भन्दा माथि | १५०० | |
| ४८ | फ्ेस हाउस (माछा, खसि, कुखुरा अन्य) पसल | २००० | |
| ४९ | तरकारी फलफुल तथा साग सब्जी पसल | १००० | |
| ५० | अण्डा विक्री | १५०० | |
| ५१ | इट्टा विक्री डिपो तथा संकलन केन्द्र | ४००० | |
| ५२ | डोकी, नाम्लो, भकारी, प्लाष्टिक तथा बेतबाँसका समानहरु | १००० | |
| ५३ | हार्डवेयर पसल | ५००० | |
| ५४ | चिम्नी उद्योग ईट्टा भट्टी | १०००० | |
| ५५ | मेटलको भाँडा बनाउने व्यवसाय | १५०० | |
| ५६ | पुस्तक, स्टेशनरी तथा खेलकुदका सामानहरुको विक्री | १५०० | |
| ५७ | केबुल प्रशारण | ५००० | |
| ५८ | फोटोकपि, फ्याक्स, लेमिनेशन,व्यन्डिङ, कुरियर | २००० | |
| ५९ | ड्राइभिङ्ग इन्टिच्युट | ५००० | |

| | | | |
|---|---|---|---|
| ६० | कपडा पसल | २००० | |
| ६१ | छापाखान तथा कपि, किताब व्यवसाय | ५००० | |
| ६२ | डिजिटल छापाखाना | २००० | |
| ६३ | साइबर नेट फोन सेवा कम्युनिकेशन सेवा | २५०० | |
| ६४ | निर्माण व्यवसायी | | |
| | क श्रेणी | १००००० | |
| | ख. श्रेणी | ५०००० | |
| | ग. श्रेणी | २०००० | |
| | घ  श्रेणी | १५००० | |
| ६५ | रासायनिक मल, विउ, विजन, किटनाशक औषधी विक्री | २००० | |
| ६५ | भिडियो मिक्सीङ्ग | १५०० | |
| ६६ | क मदिरा थोक बिक्री | ४००० | |
| | ख. मदिरा खुद्रा विक्री | २००० | |
| ६७ | ट्युसन सेन्टर | १५०० | |
| ६८ | मेसिनरी सामान,मोटर,जेनेरेटर आदि बिक्री | ३००० | |
| ६९ | कवाडी व्यबसाय | ३००० | |
| ७० | मोबिल ,ग्रिज बिक्री | २५०० | |
| ७१ | टुर्स एण्ड ट्राभल्स एजेन्सी | २५०० | |
| ७२ | कुरियर तथा कार्गो सेवा | १५०० | |
| ७३ | भेटेरेनरी सेवा | २५०० | |
| ७४ | रङरोगन, सिसा पसल | २५०० | |
| ७५ | हाइड्रोपावर सर्वेक्षण( प्रति वर्ष ) | २५०००० | |
| | हाइड्रोपावर अनुमती | १००००० | |
| ७६ | सोलार व्यवसाय | ३००० | |
| ७७ | अफसेट प्रेस | ५००० | |
| ७८ | विमा कम्पनि | ५००० | |
| ७९ | | | |
| ८० | नोटरी पब्लिक सेवा | १५०० | |
| ८१ | प्राविधिक शिक्षालय | १०००० | |
| ८२ | पानि व्यवसाय | ५००० | |
| ८३ | फ्लेक्स प्रिन्ट पसल | २५०० | |
| ८४ | पुल हाउस सेवा | २००० | |
| ८५ | काठको ठेका भाँडा पसल | १००० | |
| ८६ | माटाका भाँडा पसल | ७०० | |
| ८७ | खेलौना सामग्री पसल | १००० | |
| ८८ | जडिबुटि पसल | १००० | |

नोटः-  माथि उल्लेखित छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा रु ५००।- देखि रु २५००००। सम्म लिन सकिनेछ ।

ख) हरेव वर्ष नविकरण शुल्क दर्ता शुल्कको २० प्रतिशत हुन आउने रकम लाग्नेछ ।

ग) विलम्व शुल्कः वक्यौता रकमको प्रतिवर्ष  थप १० प्रतिशत लाग्नेछ ।

## अनुसूचि ४
## (दफा ५ सँग सम्बन्धित)
## गाँउपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडिबुटी, कवाडी र जीवजन्तु करको दरः

गाउँपालिका क्षेत्रभित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तु (जडिबुटी,कवाडी र जीवजन्तु) मा देहाय बमोजिमको न्यूनतम र अधिकतम कर दर सीमाभित्र रही कर लगाइ असुल गरिनेछ।

| क स | नाम | इकाइ | अधिकतम |
|---|---|---|---|
| १ | ऊन | प्रति के जी | रु २ |
| २ | खोटो | प्रति के जी | रु ४ |
| ३ | वनकस(खर), बाबियो, पराल, निगालो, लोक्ता, अम्लिसो | प्रति ट्याक्टर | रु ५०० |
| ४ | खालि सिसी (वियर) | प्रति ठुलो ट्रक | रु १००० |
| ५ | खालि सिसी (मदिरा र अन्य ) | अन्य ट्रक/ट्याक्टर/सवारी | रु ५०० |
| ६ | पलाष्टिक बोटल | अन्य ट्रक/ट्याक्टर/सवारी | रु ५०० |
| ७ | जुटको बोरा | प्रति ठुलो ट्रक | रु १००० |
| ८ | गार्मेन्टको कपडाको टुका | ,, | रु १००० |
| ९ | कार्पेटको टुका | ,, | रु १००० |
| १० | जुट र प्लाष्टिकको बोरा | ,, | रु १००० |
| ११ | उल्लेखीत सामान | अन्य ट्रक/ट्याक्टर/सवारी | रु ५०० |
| १२ | टायर ट्युब | प्रति ठुलो ट्रक | रु १००० |
| १३ | पुराने टिन, ड्रम | ,, | ,, |
| १४ | पुराना कागज | ,, | ,, |
| १५ | पत्रिका | ,, | ,, |
| १६ | अन्य कागज | ,, | ,, |
| १७ | धातुका टुका<br>फलाम<br>पित्तल, तामा | <br>,,<br>,, | <br>,,<br>,, |
| १८ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | ,, | ,, |
| १९ | पोलिथिन पाइपका टुकाहरु | ,, | ,, |
| २० | सिसाका टुका वा धुलो | ,, | ,, |
| २१ | काँचको धुलो र टुका | ,, | ,, |
| २२ | उल्लेखीत सामान | अन्य ट्रक/ट्याक्टर/सवारी | रु ५०० |
| २३ | प्रचलित कानुनले निषेधित गरे बाहेकका मरेका वा मारिएका पशुका:<br>हाड<br>सिंग<br>खुर<br>छाला (ठूलो)<br>छाला (सानो) | प्रति के.जी<br>,,<br>,,<br>,,<br>,,<br>,, | रु ७<br>रु ८<br>रु ७<br>रु ३०<br>रु २० |

## अनुसूचि ५

## (दफा६ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ग्रामीण सडकमा लगाउन सक्ने सडक उपभोग शुल्क

| क्र.सं. | बिवरण | प्रतिपटक कर दर रु | कैफियत |
|---|---|---|---|
| १ | क्रेन, लोडर | १००० | |
| २ | बस, ट्रक, लहरी आदि हेवी सवारी | २०० | |
| ३ | मिनीबस, मिनिट्रक | १५० | |
| ४ | डोजर सानो जेसिवी | ५०० | |
| ५ | डोजर ठूलो ब्रेकर समेत | १००० | |
| ६ | ट्रयाक्टर ठुलो | २०० | |
| ७ | जीप, माईक्रो बस, भ्यान | १०० | |

## अनुसूचि ६
## (दफा७ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने विज्ञापन करको दर

**विज्ञापन कर :**

| सि नं | विवरण | रकम (रुपैयाँमा) | कैफियत |
|---|---|---|---|
| १ | गाडीमा सामान वोकी विज्ञापन गर्ने (प्रतिपटक) | ५०० | |
| २ | स्टल राखी विज्ञापन गर्ने (प्रतिदिन) | १०० | |
| ३ | कन्सर्ट (प्रतिपटक) | ५०० | |
| ४ | तुल व्यानर राखी विज्ञापन -प्रतिपटक | ५०० | |
| ५ | वाल पेन्ट विज्ञापन प्रति वर्ग फिट | १० | |
| ६ | ग्लो साइनवोर्ड प्रति वर्ग फिट | १०० | |
| ७ | अग्लो साइन वोर्ड डिपीएस वोर्ड प्रति वर्ग फिट | ५ | |

## अनुसूचि ७
## (दफा ८ सँग सम्वन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने मनोरञ्जन करको दर

**मनोरञ्जन कर**

(क) सिनेमाहल, भिडियोहल, साँस्कृतिक प्रदर्शनहल, थ्रिएटर संगित तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्क मा रु. १।- का दरले मनोरञ्जन कर लगाउने ।

(ख) जादु, सर्कश, चटक, आदिमा प्रतिदिन रु. ५०० र मासिक १०००० लगाउने ।

## अनुसूचि ८
## (दफा ९ सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने बहाल विटौरी करको दर

**बहाल विटौरी**

क) गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण,रेखदेख र सञ्चालन गरेको हाटवजार र सार्वजनिक स्थल ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा सार्वजनिक जग्गा प्रयोग वापत

| क्षेत्र | वार्षीक प्रति आना रु.( व्यवसायीक) | वार्षीक प्रति आना रु.( आवासीय मात्र) | वार्षीक प्रति आना रु. कृषी |
|---|---|---|---|
| वारीवेनी | २५०० | १२५० | ५०० |
| वगरफाँट/मिलनचोक /मिलनचोक/नागलीवाङ | १२५० | ६०० | २०० |
| अन्य | २०० | १५० | ५० |

## अनुसूचि ९
## (दफा १० सँग सम्बन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पार्किङ्ग शुल्क को दर

पार्किङ्ग शुल्क तपसिल बमोजिम हुनेछ ।

गाउँपालिकाले आफुले तोकेको सवारी साधन पार्किङ्ग क्षेत्रमा एक पटकमा बढीमा **वीस रुपैयाँ** सम्म पार्किङ्ग शुल्क लगाउन सक्नेछ ।

## अनुसूची १०
## (दफा ११ सँग सम्वन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने ट्रेकिङ्ग क्यानोइङ्ग, बन्जि जम्पिङ्ग, जिपफ्लायर शुल्क को दर न्युनतम रु १००० देखि अधिकतम रु १०००० सम्म कर लगाउन सकिनेछ ।

पर्यटक आवास, होटेल, प्याराग्लाइडिङ्ग, पदयात्रा, रेष्टुरेण्ट, ट्राभल्स एजेन्सी, अश्वरोहण, मोटेल आदिको व्यावसायमा लाग्ने कर न्युनतम रु १,००० अधिकतम रु २५,००० सम्म हनेुछ ।

# अनुसूचि ११
## (दफा १२ सँग सम्वन्धित)
## गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सेवा शुल्क, दस्तुरको दर

### १. सेवा शुल्क

| सि नं | सेवाको किसिम | दररेट (रुपैयाँ मा) | कैफियत |
|---|---|---|---|
| १ | स्थलगत सर्जमिन वापत | १००० | |
| २ | कुल सम्पत्ति मुल्याङ्कन वापत (कुल मुल्यांकनको) | ०.१ प्रतिशत | |
| ३ | निजी विद्यालयको दर्ता सिफारिस (मा.वि.) | २००० | |
| ४ | निजी आधारभुत विद्यालयको दर्ता सिफारिस | १५०० | |
| ५ | निजी विद्यालय कक्षा थपको सिफारिस | १००० | |
| ६ | निजी बालबिकास केन्द्र( मन्टेश्वरी) दर्ता | ५००० | |
| ७ | मिलापत्र शुल्क | १००० | |
| ८ | घर नम्बरिङ प्लेट पक्की घर | १००० | |
| ९ | घर नम्बरिङ प्लेट कच्ची घर | ५०० | |
| १० | टोल विकास संस्था दर्ता /नवीकरण शुल्क | ५००□२०० | |
| ११ | व्यवसायिक इजाजत सिफारिस (ठेक्का बाहेक ) | १००० | |
| १२ | घ वर्गका निर्माण व्यवसायिक पत्र नवीकरण | दर्ता शुल्कको २० प्रतिशत | |
| १३ | घ वर्गका निर्माण व्यवसायिक विलम्ब शुल्क | प्रतिवर्ष २००० | |
| १४ | स्थलगत प्राविधिक सेवा शुल्क | १५०० | |
| १५ | ढलान घर निर्माण गर्नेलाई पूर्वाधार मर्मत सम्भार शुल्क | २००० | |
| १६ | घ वर्गका इजाजत प्राप्त व्यवसाय सुचीकृत/स्थानान्तरण शुल्क | ५००० | |
| १७ | व्यवसाय सूचीकृत सेवा शुल्क | २००० | |

२. विभिन्न प्रमाणित र सिफारिस तथा अन्य दस्तुर

| सि नं | सेवाको किसिम | दर | कैफियत |
|---|---|---|---|
| १ | घरबाटो सिफारिस घरमा बाटो भएमा | ३०० | |
| २ | घरबाटो सिफारिस घरमा बाटो नभएमा | २०० | |
| ३ | जग्गा नामसारी सिफारिस | ३०० | |
| ४ | नाम थर र जन्म मिति शंसोधन सिफारिस | २०० | |
| ५ | ढलान घर कायम सिफारिस | २००० | |
| ६ | ढलान बाहेक अन्य घर कायम सिफारिस | १००० | |
| ७ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | २००० | |
| ८ | विद्युत जडानको सिफारिस दस्तुर (घरायसी प्रयोजन ) | २०० | |
| ९ | विद्युत जडानको सिफारिस दस्तुर (व्यवसायिक प्रयोजन ) | १००० | |
| १० | व्यवसाय,खानेपानी धारा, विद्युत मिटर आदिको ठाउँसारी तथा नाम संशोधन सिफारिस | ५०० | |
| ११ | निजी धारा वा टेलिफोन जडान सिफारिस दस्तुर | ५०० | |
| १२ | बैदेशिक रोजगारको लागि सिफारिस | | |
| | क. खाडी मुलुकको लागि | निशुल्क | |
| | ख माथि उल्लेखित बाहेक अन्य मुलुकको लागि | १००० | |
| १३ | परिवार ल्याएको/लगेको सिफारिस | ३०० | |
| १४ | जन्म प्रमाणित सिफारिस दस्तुर | २०० | |
| १५ | मृत्यु प्रमाणित सिफारिस दस्तुर | निशुल्क | |

| | | | |
|---|---|---|---|
| १६ | विवाह प्रमाणित सिफारिस दस्तुर | २०० | |
| १७ | वसाईसराई प्रमाणित दस्तुर | ५०० | |
| १८ | नागरिकता अनुसुची निवेदन तथा सिफारिस | २०० | |
| १९ | नेपाली नागरिकताको प्रतिलिपि सिफारिस शंसोधन सहित | ३०० | |
| २० | अंगिकृत नागरिकताको सिफारिस | २००० | |
| २१ | नाता प्रमाणित दस्तुर नेपालीमा प्रति व्यक्ति | १०० | |
| २२ | नाता प्रमाणित दस्तुर अंग्रेजीमा प्रति व्यक्ति | २०० | |
| २३ | कन्सुलर प्रमाणित दस्तुर प्रति पाना | ३०० | |
| २४ | बसोवास प्रमाणित दस्तुर | ५०० | |
| २५ | नाफामुलक संस्था दर्ता, नवीकरण र सिफारिस दस्तुर | ३००० | |
| २६ | सेवा मुलक संस्था दर्ता, नवीकरण र सिफारिस दस्तुर | ५०० | |
| २७ | बन्द भएको अथवा ठाउँ सारेको संस्था सिफारिस दस्तुर | १५०० | |
| २८ | सम्बन्ध विच्छेदको सिफारिस | ५०० | |
| २९ | ठुला उद्योग स्थापनाको सिफारिस | १०००० | |
| ३० | मझौला उद्योग स्थापनाको सिफारिस | ८००० | |
| ३१ | साना तथा घरेलु उद्योगको सिफारिस | १००० | |
| ३२ | रुख काट्ने सिफारिस प्रति गोटा -प्रतिवन्धित बाहेक | १०० | |
| ३३ | नेपाली पेन्सन पट्टा सम्बन्धी सिफारिस | ३०० | |
| ३४ | भारतीय पेन्सन पट्टा सम्बन्धी सिफारिस | ५०० | |
| ३५ | अन्य मुलुकको पेन्सन पट्टा सम्बन्धी सिफारिस | १००० | |
| ३६ | अपुताली सिफारिस | २००० | |
| ३७ | जन्म ,मृत्यु, विवाह, बसाईसराई र सम्बन्ध विच्छेदको विलम्ब शुल्क | घटना दर्ता ऐन २०३४ बंमोजिम | |
| ३८ | कर चुक्ता, ठेगाना शंशोधन सिफारिस | २५० | |
| ३९ | कर चुक्ता, ठेगाना शंशोधन सिफारिस (अंग्रेजीमा ) | ५०० | |
| ४० | एफ. एम. सञ्चालन सिफारिस शुल्क | ५००००।- | |
| ४१ | एफ. एम. सञ्चालन इजाजत दस्तुर १०० बाट सम्म | १००००।- | |
| ४२ | एफ. एम. सञ्चालन इजाजत नवीकरण | १५०००।- | |
| ४३ | चार किल्ला प्रमाणित प्रति कित्ता शुल्क | २००।- | |
| ४४ | अस्थायी टहरा निर्माणको इजाजत दस्तुर | १००० | |
| ४५ | नक्सा नवीकरण वापत | ५०० | |
| ४६ | सम्पती करको प्रतिलिपी | २० | |

नोट : माथि उल्लेखित भए बाहेक छुट हुन गएका सेवाको प्रकृति हेरी उल्लेखित विषयसँग मेल खाने किसिमको दरमा सेवा शुल्क तथा प्रमाणित दस्तुर लिन सकिनेछ ।